नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

## कार्यसम्पादन मूल्याङ्कन प्राप्तिको एस.एम.एस. जानकारी सम्बन्धमा

निजामती सेवा ऐनको दफा २४क. को उपदफा (६) मा वार्षिक रुपमा मूल्याङ्कन गर्नु पर्ने कार्यसम्पादन मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति लोक सेवा आयोग, एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्ने व्यवस्था छ । निजामती सेवामा कार्यरत सबै राजपत्रांकित कर्मचारीहरु तथा यस मन्त्रालयमा रहेको बढुवा समिति सचिवालयबाट बढुवा हुने राजपत्र अनङ्कित कर्मचारीहरुको यस बढुवा समितिको सचिवालयमा प्राप्त हुन आएका कार्यसम्पादन मूल्याङ्कनको प्राप्तिको जानकारी सम्बन्धित कर्मचारीहरुलाई गराउँदा देशका विभिन्न भागमा कार्यरत कर्मचारीहरु विशेष गरी बढुवाको लागि सम्भाब्य भएका कर्मचारीहरु आफ्नो कार्यसम्पादन मूल्याङ्कन बढुवा समिति सचिवालयमा पुगे/नपुगेको सम्बन्धमा बुझ्नको लागि व्यक्तिगत रुपमा सम्पर्क राख्न काठमाण्डौमै आउनुपर्ने बाध्यतालाई हटाई सो को जानकारी समयमै सम्बन्धित कर्मचारीलाई गराउन तथा बढुवा समिति सचिवालयको कामकारबाहीलाई थप प्रभावकारी बनाउने उद्धेश्यले सामान्य प्रशासन मन्त्रालयबाट सम्बन्धित कर्मचारीको मोबाईलमा एस.एम.एस. को माध्यमद्वारा कार्यसम्पादन मूल्याङ्कन प्राप्त भएको जानकारी गराउने कार्य आज मिति २०७४ असोज २४ गतेका दिन देखि प्रारम्भ गरिएको व्यहोरा सबै निजामती कर्मचारीहरुलाई सहर्ष जानकारी गराइन्छ । यस मन्त्रालयको बढुवा व्यवस्थापन शाखामा प्राप्त भएका कार्यसम्पादन मूल्याङ्कनहरुको रुजू गरी क्रमशः एस.एम.एस. जानकारी पठाइने र यस सम्बन्धमा थप सुझाव वा जिज्ञासा भएमा बढुवा व्यवस्थापन शाखाको टेलिफोन नं. ०१४२०००८८ मा सम्पर्क गर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईएको छ । साथै हाल एस.एम.एस. जानकारी पठाँउदा सम्बन्धित कर्मचारीको निजामती किताबखानाको अभिलेखमा रहेको मोबाईल नं. मा पठाइने हुँदा निजामती कितबाखानामा मोबाइल नम्बरको अभिलेख नभएमा वा सो को अद्यावधिक गर्नु पर्ने भएमा समयमै गरी सो को जानकारी यस मन्त्रालयमा गराउनु हुन समेत अनुरोध छ ।

2074।6।24